मिति : जेष्ठ १९, २०७६

# फेकोफन पानी (Paani) परियोजनाको गतिविधि तथा प्रभाव

सामुदायिक वन उपभोक्ता महासंघ, नेपाल देशभरी रहेका २२,००० भन्दा बढी सामुदायिक वन उपभोक्ता समूहहरुको प्रतिनिधित्व गर्ने छाता संगठन हो । राज्यको संरचना परिवर्तन सँगसँगै यस महासंघले पनि आफ्नो संरचना परिवर्तन गरेको छ। जस अनुसार एक सघीय, सात प्रदेश , ७७ जिल्ला र ५२० वटा स्थानीय कार्यालयहरु स्थापना गरी देशभर आफ्नो कार्यक्रमहरु गर्दै आएको छ। महासंघले आफ्नो स्थापनाकाल देखि नै प्राकृतिक स्रोत जल, जमिन र जङ्गलमाथि स्थानीय समुदायको हक अधिकारको संरक्षण, सदुपयोग र न्यायोचित वितरणको लागि पैरवी गर्दै आएको छ । साथै महिला, विपन्न, आदिवासी, जनजाती र दलित समुदायको सक्रीय सहभागिताको लागि संघर्ष गर्दै आएको छ । विभिन्न स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ–संस्थाहरुसँग समन्वय तथा सहकार्य गर्दै आफ्ना विभिन्न कार्यक्रमहरु अगाडी बढाउने क्रममा यस महासंघले USAID/Paani परियोजनाको सहयोग र सहकार्यमा मार्च २०१७ देखि नै कर्णाली र महाकाली River Basin अन्तर्गतका बिभिन्न ६ ओटा जलाधार क्षेत्रहरुमा पानी (Paani) कार्यक्रम संचालन गर्दै आउने क्रममा जुन ४, २०१८ देखि जुन ३, २०१९ सम्म १२ महिनाको लागि मध्य कर्णाली जलाधार क्षेत्रमा सिमित रहेर पानी कार्यक्रमको क्रियाकलापहरु संचालन गर्दै आएको छ।

मध्य कर्णाली जलाधार क्षेत्रका २ ओटा मुख्य समस्याहरु जस्तै पानीको मुहान सुक्नु, सुख्खापन बढ्दै जानु र अव्यवस्थित ग्रामिण सडक निर्माणलाई लक्षित गरी यस १ वर्षे परियोजनाको मुख्य कार्यक्रमहरु निम्नानुसार तय गरि प्रभावकारी रुपमा सम्पन्न भएको छ।

- मध्य कर्णाली जलाधार क्षेत्रमा स्थानीय समूदायले गरिरहेका राम्रा कामहरुको सर्वेक्षण र विश्लेषण गरी २ ओटा राम्रा कामको विस्तार,
- कम लागतका बायो इन्जिनियरिङ्ग तालिम र एक बायो इन्जिनियरिङ्ग संरचनाको प्रदर्शन प्लट स्थापना,
- जलाधार क्षेत्रका समस्या तथा समाधानका लागि जनप्रतिनिधि तथा सरोकारवालाहरुसँग अन्तरक्रिया गोष्ठी,
- दलित महिला तथा अति गरिब वर्गलाई केन्द्रित गरी जलवायु परिवर्तन अनुकूलन योजना ( CAPA) तयारी तालिम, अनुकूलन योजना तयार तथा हस्तान्तरण,
- वातावरण मैत्री स्थानीय सुशासन कार्यविधि तथा ग्रामिण हरित सडक विषयक गोष्ठी,
- पानी स्रोत संरक्षण तथा पानीको बहु-उपयोग तालिम,
- जलवायु मैत्री व्यवस्थापन प्रविधि सम्बन्धी प्रशिक्षक प्रशिक्षण तालिम ।

महासंघको पानी परियोजना अन्तर्गतको उक्त कार्यक्रमहरुमा मध्य कर्णाली जलाधार क्षेत्र अन्तर्गत पर्ने ९ वटै नगरपालिका तथा गाउँपालिका प्रतिनिधिहरु, सामुदायिक समूहहरु (वन, सिंचाई, खानेपानी) का प्रतिनिधिहरु, महिला, स्थानीय सरोकारवाला संघसंस्थाहरु, सरकारी निकायहरु, संचार माध्यम, स्थानीय स्तरका आदिवासी जनजाती, दलित तथा नागरिक संगठनहरुको संलग्नता रहको थियो । कार्यक्रमको दिगोपनको लागि महासंघले नियमित रुपमा परियोजना शुरुवात देखि नै स्थानीय सरकारसँग समन्वय र सहकार्य गर्दै हरेक क्रियाकलापमा वहाँहरुको संलग्नता गर्दै आएको छ। जनचेतना अभिवृद्धि, सीपमूलक क्षमता विकास, राम्रा कामहरुको अभिलेखीकरण, विस्तार तथा स्थलगत कार्यान्वयन समेतका गतिविधिहरु यस १ वर्षे परियोजनाले प्रभावकारी रुपमा सम्पन्न गर्न सफल भएको छ।
कार्यक्रमको १ वर्ष भित्रका मुख्य उपलब्धिहरु निम्नानुसारका छन् :

- मध्य कर्णाली जलाधार क्षेत्रमा भइरहेका राम्रो कामहरुको दस्तावेजीकरण र २ वटा राम्रा कामहरुको विस्तार जस्तै कालिकोट नरहरिनाथ गा.पा. २ नन्ददेवी सामुदायिक वनको ४ हेक्टर पहिरो ग्रस्त क्षेत्रमा ३०४० बिरुवा वृक्षारोपण र ठाटीकाँध गा.पा.मा हरित सडकको अवधारणा सँगै वायो इन्जिनियरिङ्ग संरचना निर्माण साथै ३०५० बिरुवा वृक्षारोपण ।
- वायो इन्जिनियरिङ्ग तालिमका सहभागीहरुले आफ्नो सीप अन्य प्राकृतिक प्रकोपजन्य क्षेत्रमा प्रयोग गर्दै आएको र वायो इन्जिनियरिङ्ग संरचना र वृक्षारोपण निर्माणको स्रोत व्यक्तिको रुपमा आफूलाई स्थापना गर्न सफल ।
- वायो इन्जिनियरिङ्ग प्रदर्शन स्थल चिलयात्र सा.व.,चामुण्डा विन्दासैनी ६ मा १० महिनामै भू-क्षय रोकथाम, नयाँ प्रजातिहरुको पुनरोत्पादन, हरियाली वृद्धि, घाँस बेचेर नगद आम्दानी, चरिचरण बन्द गर्ने निर्णय तथा वरपरका छिमेकीहरुले पनि राम्रा कामको प्रसंशा र अनुसरण गर्न थालेको । यसको दिगोपनको लागि चामुण्डा बिन्दासैनी न.पा. र फेकोफनको सहकार्यमा थप फलफूल तथा पहिरो रोकथामका प्रजाती वृक्षारोपण गर्ने योजना तय ।
- जलवायु परिवर्तन एकीकृत योजना हस्तान्तरण गरेको नन्ददेवी सामुदायिक वन उपभोक्ता समूहलाई सो योजनाहरु कार्यान्वयनका लागि नरहरिनाथ गा.पा. वडा नं. २ सँग समन्वय गरी २०७६/२०७७ आ. व. मा रु. १० लाख वजेट छुट्याउने निर्णय । समूहको व्यक्तिगत क्षमता विकास र आर्थिक सहयोग पुऱ्याउन फेकोफन कालीकोट जिल्ला तथा केन्द्रका कर्मचारीहरु बाट उक्त सामुदायिक वन उपभोक्ता समूहलाई नियमित सहयोग ।
- स्थानीय सरकार, सडक निर्माण समिति, सडक ठेकेदारहरु, स्थानीय समुदायहरु, सरोकारवाला सरकारी तथा गैह्र सरकारी संस्थाका प्रतिनिधिहरुको संलग्नतामा कार्यक्रमहरु संचालन भएका कारण वातावरण मैत्री हरित सडक निर्माण, पानीको बहु उपयोग प्रविधि अवलम्बन, पहिरो रोकथामको लागि वायो इन्जिनियरिङ्ग संरचना निर्माण, वृक्षारोपण, आदि कार्य गर्न स्थानीय स्तरबाटै प्रतिवद्धता ।

- स्थानीय सरकारले आफ्नै पहलमा विभिन्न राम्रा कामहरु फेकोफनसँग समन्वय गरी गर्ने निर्णय जस्तै : ठाटीकाँध गा.पा.ले ग्रामिण सडक निर्माणका कारण पहिरो गएको ठाउँमा बायो इन्जिनियरिङ्ग यसै वर्ष निर्माण गर्ने प्रतिबद्धता ।

समग्रमा, यस सामुदायिक वन उपभोक्ता महासंघ अन्तर्गत मध्य कर्णाली जलाधार क्षेत्रमा संचालित पानी (Paani) परियोजनामा तय गरिएका क्रियाकलापहरू सफलतापूर्वक, उपलब्धिमूलक र प्रभावकारी रुपमा सम्पन्न भएका छन् । कार्यक्रमको सफलतामा सहयोग पुऱ्याउनु हुने सहयोगी निकायहरु, सरोकारवालाहरु, सामुदायिक समूहहरु तथा साधारण जनताहरु सबैलाई हार्दिक धन्यवाद दिन चाहान्छौं साथै आगामी दिनहरुमा पनि यस सामुदायिक वन उपभोक्ता महासंघसँग सहकार्य गरेर एकीकृत जलाधार व्यवस्थापनका कार्यक्रमहरु तय गरी सफलताको लागि सहयोग गर्नुहुन सम्बन्धित सरोकारवाला, स्थानीय सरकार, प्रदेश सरकार तथा सर्वसाधारण जनताहरुसँग अपेक्षा गदछौं ।

**ठाकुर भण्डारी**
**सचिव**
सामुदायिक वन उपभोक्ता महासंघ, नेपाल

सामुदायिक वन उपभोक्ता महासंघ, नेपाल * २०५२ *